# सरकारी सेवामा आवद्ध नर्सहरुको संघ नेपाल
## Government Nurses' Association Of Nepal
Yeti Plaza, Bagbazar, Kathmandu


प.स.: ७९
च.नं.: ०१ | ०७७ | १२ | २५

मिति २०७७।१२।२५

श्री माननिय स्वास्थ्य मन्त्री ज्यू
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाह पथ, काठमाण्डौं ।

विषय: अध्ययन विदा सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा चिकित्सा शिक्षा आयोगको मिति २०७७।१२।०३ गते प्रकाशित स्नातक तहको संयुक्त शैक्षिक कार्यकम २०७७।७८ को लागि प्रकाशित भएको सूचनामा उक्त शैक्षिक कार्यकमको लागि नर्सिङ्ग र मिडवाइफी समूह (BNS र BMS) को लागि आरक्षित सरकारी कोटा उल्लेख नभएकोमा "सरकारी सेवामा आवद्ध नर्सहरुको संघ, नेपाल (GoNAN)" को ध्यानाकर्षण भएको कुरा जानकारीको लागि अनुरोध गर्न चाहन्छौं । उक्त शैक्षिक कार्यकममा सहभागी हुने नर्सिङ्ग समूहबाट यस संघमा हामीलाई ऐन र नियमावलीले दिएको कार्यावधि देशको भौगोलिक विकट क्षेत्रमा गई दिएको सेवाको अवहेलना भएको र हामी माथि अन्याय परेकोले सहयोग गरिदिनुहुन भनि निवेदन परेकोले, उक्त निवेदन परेको कुरा जायज भएको यस संघको ठहर छ । यस संघले ऐन र नियमावलीको प्रावधानमा रहेको नर्सिङ्ग कर्मचारीलाई अध्ययन विदाको लागि नेपाल स्वास्थ्य सेवा ऐन २०५३ दफा ८६ को खण्ड (च) अध्ययन विदा र स्वास्थ्य सेवा नियमावलि २०५५ को नियम ५३ उपनियम १ र ४ बमोजिम सेवा अवधि पुरा गरेका स्वास्थ्यका कर्मचारीलाई अध्ययन विदा दिने प्रावधान भएको र उपभोग गर्दै आई रहेकोले उक्त ऐन र नियमावलिको पालना गर्दै देशको दुर-दराजमा रहि सेवा प्रदान गर्ने कर्मचारीहरुलाई हौसला दिनुपर्ने व्यवस्थालाई निरन्तरता दिनु न्ययोचित देखिन्छ । उक्त सुविधा दिंदा कर्मचारीको मनोवल उच्च हुनेमा दुईमत छैन त्यसैले सेवा प्रवाह गरिरहेका नर्सिङ्ग कर्मचारीहरुलाई ऐन र नियमले दिएको व्यवस्था पालना गरि उच्च शिक्षा हासिल गर्ने अवसरवाट वञ्चित नगरियोस र हरेक विषम परिस्थितिमा रहि दिएको सेवाको मूल्याङ्कन गरिदिनुहुन र चिकित्सा शिक्षा आयोगको उक्त सूचनामा सम्वोधन हुने गरि उक्त नर्सिङ्ग कर्मचारीहरुलाई आरक्षित सरकारी कोटाको लागि अध्ययन विदा पाउने गरि सम्वोधन गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

..................

कल्पना श्रेष्ठ
अध्यक्ष


Mail Address: Kstha.2027@gmail.com
Contact No. 9841353399,98414403779841450244



Scanned with CamScanner